"सहजता, शुद्धता र पारदर्शिता नेपाल आयल निगम लिमिटेडको प्रतिवद्धता"

# नेपाल आयल निगम लिमिटेड

केन्द्रीय कार्यालय, बबरमहल ।

# प्रेस विज्ञप्ति

मितिः २०८२/१०/१७

१. इण्डियन आयल कर्पोरेशनबाट आज ३१ जनवरी, २०२६ (माघ १७, २०८२) मा प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्य अनुसार प्रति लिटर पेट्रोलमा रु. ०।१२, डिजेलमा रु. ४।६६ र एल. पि. ग्याँसमा प्रति सिलिण्डर रू. ४५।४९ ले बढेर तथा हवाई इन्धनमा प्रति लिटर रु. १।०८ ले घटेर आएको छ। डिजेलमा प्रति लिटर रु. ४।६६ ले बढेर आएको भएतापनि आम उपभोक्तको हितलाई मध्यनजर गर्दै निगम सञ्चालक समितिको मिति २०८२/१०/१७ को निर्णयानुसार १ फेब्रुअरी, २०२६ (मिति २०८२/१०/१८) को बिहान ००:०१ बजेदेखि लागू हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा प्रति लिटर डिजेल/मट्टितेलमा रु. ३।०० ले मात्र बढाइएको तथा हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर रु. १।०० ले र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ काठमाडौंको लागि प्रति किलोलिटर अमेरिकी डलर ७ ले घटाईएको छ भने हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ पोखरा र भैरहवाको लागि Breakeven Point मा बिक्री मूल्य कायम गरिएको छ। साथै, एल. पि. ग्याँसको मूल्य बढेर आएको भएता पनि हाललाई बिक्री मूल्य यथावत राखिएको छ।

२. निगमको डिपो/कार्यालयदेखि १५ किलोमिटरसम्मका लागि पेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य देहाय बमोजिम कायम गरिएको छ।

| क्र. सं. | पेट्रोलियम पदार्थ | साबिकको खुद्रा विक्री मूल्य रु. (प्रति लिटर) | | | मिति २०८२/१०/१८ को बिहान ००:०१ बजेदेखि कायम हुने नयाँ खुद्रा विक्री मूल्य मू. अ. कर सहित रु. (प्रति लिटर) | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग | पहिलो वर्ग | दोस्रो वर्ग | तेस्रो वर्ग |
| १. | डिजेल/मट्टितेल | १३३।५० | १३५।०० | १३६।०० | १३६।५० | १३८।०० | १३९।०० |
| २. | हवाई इन्धन (आन्तरिकतर्फ) | १२८।०० | | | १२७।०० | | |
| ३. | हवाई इन्धन (अन्तर्राष्ट्रियतर्फ प्रति किलो लिटर) | काठमाडौं | पोखरा | भैरहवा | काठमाडौं | पोखरा | भैरहवा |
| | | $ ९७३ | $ ७७१ | $ ७५९ | $ ९६६ | $ ७४५ | $ ७३३ |

नोटः पहिलो वर्ग अन्तर्गतः चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज ।
दोस्रो वर्ग अन्तर्गतः सुर्खेत र दाङ्ग ।
तेस्रो वर्ग अन्तर्गतः काठमाडौं, पोखरा र दिपायल ।

धन्यवाद।

प्रवक्ता